# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## शैक्षिक सफलतासम्बन्धी कोलोराडोका मापनहरू (CMAS वा Colorado Measures of Academic Success)

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

शैक्षिक सफलतासम्बन्धी कोलोराडोका मापनहरू वा CMAS राज्यको भाषा कला, गणित र सामाजिक अध्ययनको योगात्मक मूल्याङ्कन हो । CMAS ले राज्यका गहन शैक्षिक गुणस्तरहरू पालना गर्छ र यो विद्यार्थीहरूले कतिको राम्रोसँग शैक्षिक गुणस्तर पूरा गरिरहेका छन् र उनीहरूले कतिको राम्रोसँग अर्को ग्रेडको तयारी गरेका छन् भन्ने कुरा मापन गर्न तयार गरिएको हो ।

CMAS मूल्याङ्कनहरू Colorado Department of Education, परीक्षण ठेकेदार Pearson, र Colorado का शिक्षकहरूको सहकार्यमा विकास गरिएको हो ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

**प्राथमिक र माध्यामिक विद्यालयका विद्यार्थीहरू**

हरेक वसन्तमा, निम्न ग्रेड र विषयहरूमा प्राथमिक र माध्यामिक विद्यालयका विद्यार्थीहरूले CMAS को जाँच दिन्छन्:

- अङ्ग्रेजी भाषा कला (ग्रेड 3-8) ।
  - ग्रेड 3 र 4 का अङ्ग्रेजी भाषाका परिचित शिक्षार्थीहरूसँग अङ्ग्रेजी भाषा कलाको जाँचको सट्टामा स्पेनिस भाषा कलाको जाँच लिइन्छ ।
- गणित (ग्रेड 3-8)
- विज्ञान (ग्रेड 5 र 8)
- सामाजिक अध्ययन (निश्चित विद्यालयहरूमा ग्रेड 4 र 7)

**उच्च विद्यालयका विद्यार्थीहरू**

*ग्रेड 9 र 10 मा भएका विद्यार्थीहरू*

हरेक वसन्तमा, नवौं र दशौं ग्रेडमा भएका विद्यार्थीहरूले भाषा कला तथा गणितका लागि शैक्षिक योग्यतासम्बन्धी प्रारम्भिक जाँच (PSAT वा Preliminary Scholastic Aptitude Test) दिन्छन् । यी ग्रेडहरूमा CMAS मूल्याङ्कनहरू दिनु पर्दैन ।

*ग्रेड 11 मा भएका विद्यार्थीहरू*

हरेक वसन्तमा, एघारौं ग्रेडमा भएका विद्यार्थीहरूले निम्न मूल्याङ्कनहरू दिन्छन्:

- भाषा कला र गणितका लागि शैक्षिक योग्यताको जाँच (SAT वा Scholastic Aptitude Test)
- CMAS विज्ञान
- CMAS सामाजिक अध्ययन

CMAS मुख्य रूपमा अनलाइन जाँच हो, जुन मार्च र अप्रिलमा सम्पन्न हुन्छ । परीक्षणको निश्चित तालिकाका लागि आफ्नो बच्चाको विद्यालयमा बुझ्नुहोस् । समय र मिति विद्यालय अनुसार फरक पर्छ ।

Colorado राज्यका मूल्याङ्कनहरू विद्यार्थी शिक्षण समय भन्दा 1.5 % कम समय लिदै औसतमा तीन देखि छ घण्टा समयमा पूरा हुन्छ । अरू सबै मूल्याङ्कनहरू स्थानीय निर्माण स्तरमा निर्धारण गरिन्छ ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

तपाईंको बच्चाले विद्यार्थी प्रदर्शन रिपोर्ट प्राप्त गर्ने छन् जसमा तपाईंको बच्चाले जाँच दिएका विषय क्षेत्रहरूको समग्र प्रदर्शन सङ्केत गर्ने प्रदर्शन स्तर र अङ्क हुन्छ । तपाईंको बच्चाले प्रत्येक मानकमा कतिको राम्रो प्रदर्शन गरे भनेर सङ्केत गर्नलाई सबस्केल अङ्क प्रदान गरिन्छ ।

तपाईं आफ्नो बच्चाको प्रदर्शनलाई अरूसँग तुलना गर्न सक्नुहोस् भन्नाका लागि रिपोर्टमा विद्यालय, जिल्ला र राज्यका औसतहरू समावेश गरिएको हुन्छ ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

CMAS को नतिजाले विद्यालय, जिल्ला, शिक्षक, अभिभावक र समुदायलाई विद्यार्थीको प्रदर्शनको चित्र प्रदान गर्छ । नतिजाले विद्यार्थीहरू शैक्षिक रूपमा कतिको प्रगति गर्दै छन्, विद्यार्थीहरू कलेज र पेशाको तयारीका साथ ग्राजुएट गर्ने बाटोमा अग्रसर छन् भनेर सुनिश्चित गर्न कुन कुरा महत्त्वपूर्ण छ भनेर देखाउँछ । शिक्षकहरू शिक्षण विधिलाई थप प्रभावकारी बनाउन CMAS को नतिजा प्रयोग गर्छन् ताकी प्रत्येक विद्यार्थीका आवश्यकताहरू पूरा गर्न सकियोस् । विद्यालय र जिल्लाले आउँदो वर्षको शैक्षिक कार्यक्रम समायोजन गर्न CMAS को नतिजा प्रयोग गर्छन् ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: CMAS**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- http://www.cde.state.co.us/assessment/generalinfo-parents
- अभ्यास परीक्षाहरू: https://co.testnav.com

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- http://assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैं आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।